लोक सेवा आयोग

# बागलुङ कार्यालय

बागलुङ

फोन नं. : ०६८-५२२६४७

Email : baglung@psc.gov.np

Website : www.psc.gov.np

## शाखा अधिकृत वा सो सरह (अप्राविधिक) पदको प्रथम चरणको लिखित परीक्षाको

## परीक्षा भवन कायम गरिएको सूचना !!!

**सूचना नं. ५७/०७९-८०, मिति : २०८०/०३/०१ गते ।**

लोक सेवा आयोग, केन्द्रीय कार्यालयको विज्ञापन नं. १६६९९-१६७०५/०७९-८० (खुला तथा समावेशी) प्रशासन, परराष्ट्र, लेखापरीक्षण र सङ्घीय संसद सेवाको संयुक्त र एकीकृत परीक्षा प्रणाली अन्तर्गत राजपत्राङ्कित तृतीय श्रेणी (अप्राविधिक), शाखा अधिकृत वा सो सरह पदमा **बागलुङ परीक्षा केन्द्र** राखी दरखास्त फाराम स्वीकृत भएका **सम्पूर्ण उम्मेदवारहरूको** प्रथम चरणको प्रतियोगितात्मक लिखित परीक्षा पूर्व निर्धारित कार्यक्रम अनसुार नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड र लोक सेवा आयोगबाट स्वीकृत संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ (संशोधन सहित) को पालना गर्ने/गराउने गरी तपसिलको मिति, समय र स्थानमा लिखित परीक्षा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । **साथै, सहयोगी लेखक आवश्यक पर्ने उम्मेदवारहरूले सहयोगी लेखक माग गर्नुपर्ने कारण र प्रमाण सहितका कागजात संलग्न राखी लोक सेवा आयोग, २०७९ को नियम ६८(१) बमोजिम परीक्षा शुरू हुने मितिभन्दा १० दिन अगावै यस कार्यालयमा निवेदन दिनु पर्नेछ । परीक्षार्थीहरूले अनिवार्य रूपमा पालना गर्नुपर्ने विषयहरू तल द्रष्टव्य १ र २ मा उल्लेख गरिएको छ ।**

**परीक्षा कार्यक्रम**

| विज्ञापन नं. | सेवा/समूह | पत्र/विषय | परीक्षा प्रणाली | परीक्षा मिति र समय | परीक्षा केन्द्र |
|---|---|---|---|---|---|
| १६६९९-१६७०५/०७९-८० | संयुक्त र एकीकृत परीक्षा | प्रथम<br>प्रशासनिक अभिरुचि परीक्षण | वस्तुगत<br>(बहुवैकल्पिक प्रश्न) | २०८०/०३/१६ गते<br>बिहान ११:०० बजे<br>(१ घण्टा ३० मिनेट) | श्री विद्या मन्दिर मा. वि. राधाकृष्ण टोल, बागलुङ । |

**द्रष्टव्य-१**

क) आयोगको पूर्व सूचना बिना पूर्व निर्धारित परीक्षा कार्यक्रम स्थगित हुने छैन ।

ख) **प्रवेश-पत्र बिना** कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित गराईने छैन । साथै, परीक्षार्थीले प्रवेश-पत्रको साथै नेपाली नागरिकताको प्रमाणपत्र वा सरकारी कार्यालयबाट जारी भएको फोटो सहितको कुनै एक सक्कल प्रमाणपत्र/परिचयपत्र लिई उपस्थित हुनु पर्नेछ ।

ग) परीक्षा शुरू हुने समयभन्दा **एक घण्टा अगावै** परीक्षा केन्द्रमा उपस्थित भई सक्नु पर्नेछ ।

घ) परीक्षा भवनमा मोबाईल लगायत अन्य विद्युतीय सामाग्री निषेध गरिएको छ ।

ङ) परीक्षामा **कालो मसी** मात्रै प्रयोग गर्नु पर्नेछ । साथै, उत्तरपुस्तिकामा सिसाकलम प्रयोग गर्न पाईने छैन ।

च) परीक्षार्थीलाई तोकिएको केन्द्र बाहेक अन्य परीक्षा केन्द्रमा सहभागी गराईने छैन ।

छ) परीक्षार्थीले उत्तरपुस्तिका बुझाई सकेपछि मात्र परीक्षा भवनबाट बाहिर जान पाईने छ ।

ज) परीक्षार्थीले नेपाल सरकारबाट जारी भएको स्वास्थ्य सम्बन्धी मापदण्ड अनिवार्य रूपमा पालना गर्नु पर्नेछ ।

**द्रष्टव्य-२**

संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ (संशोधन सहित) अनुसार परीक्षार्थीहरूले देहाय बमोजिमका कुराहरू अनिवार्य रूपमा पालना गर्नु पर्नेछ ।

क) परीक्षा केन्दमा प्रवेश गर्दा उम्मेदवारले मास्क लगाउने साथै आफ्नो लागि मास्क, स्यानिटाइजर र खानेपानी आफै व्यवस्था गर्नु पर्नेछ ।

ख) परीक्षा केन्द्रमा प्रवेश गर्दा, शौचालय प्रयोग गर्दा र परीक्षा केन्द्रबाट बाहिर निस्कदा एक आपसमा दुई मिटरको दुरी कायम गर्नु पर्नेछ ।

ग) परीक्षा केन्द्रमा खटिएका कर्मचारीहरूले दिएको निर्देशन पूर्ण रूपमा पालना गर्नु पर्नेछ ।

घ) कोभिड-१९ बाट संक्रमित उम्मेदवारहरूका लागि विशेष परीक्षा केन्द्रको व्यवस्था गरिने हुँदा संक्रमित परीक्षार्थीहरूले परीक्षा सञ्चालन हुने मितिभन्दा दुई दिन अगावै फोन नं. ०६८-५२२६४७, ९८५७६२३१४७ मा सम्पर्क गरी आफ्नो विवरण टिपाउनु पर्नेछ ।

..................

**अमृतमणी पोखरेल**
**(नायब सुब्बा)**

......................

**खड्क बहादुर रोकाया**
**(शाखा अधिकृत)**